*सम्वत् २०७४ सालको ऐन नं. ९*

# आकस्मिक कोष सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना** : आकस्मिक कोषको स्थापना र सञ्चालन सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गरी समयानुकूल बनाउन वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "संघीय आकस्मिक कोष ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "आकस्मिक कार्य" भन्नाले भूकम्प, बाढी, पहिरो, आगलागी, महामारी जस्ता प्राकृतिक तथा गैरप्राकृतिक विपद लगायतका आकस्मिक वा अप्रत्याशित कारणवाट सिर्जना भएको विशेष परिस्थितिमा तत्काल गरिने आकस्मिक कार्य सम्झनु पर्छ ।

(ख) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. **संघीय आकस्मिक कोषको स्थापना** : संघीय आकस्मिक कोषको नामले एउटा कोष स्थापना गरिएको छ ।

४. **संघीय आकस्मिक कोषमा जम्मा गरिएको रकम** : संघीय सञ्चित कोषवाट एक करोड रुपैयाँ झिकी त्यस्तो रकम संघीय आकस्मिक कोषमा जम्मा गरिएको छ ।

५. **संघीय आकस्मिक कोषको रकम वृद्धि गर्न सक्ने** : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संघीय आकस्मिक कोषमा रहने रकममा आवश्यकता अनुसार वृद्धि गर्न सक्नेछ ।

व्यवस्थापिका-संसद सचिवालय

६. **संघीय आकस्मिक कोषको सञ्चालन** : संघीय आकस्मिक कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

७. **संघीय आकस्मिक कोषको रकम खर्च गर्न सक्ने** : नेपाल सरकारले संघीय आकस्मिक कोषमा रहेको रकमबाट आकस्मिक कार्यका लागि खर्च गर्न सक्नेछ ।

८. **खर्चको रकम सोधभर्ना गर्नु पर्ने** : नेपाल सरकारले दफा ७ बमोजिम संघीय आकस्मिक कोषबाट खर्च गरेको रकम विनियोजन ऐन बमोजिम प्रत्येक आर्थिक वर्षको लागि विनियोजित रकमबाट सोधभर्ना गर्नु पर्नेछ ।

९. **नियम बनाउने अधिकार** : यस ऐनको कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

१०. **खारेजी र बचाउ** : (१) आकस्मिक कोष ऐन, २०१६ खारेज गरिएको छ ।

(२) आकस्मिक कोष ऐन, २०१६ बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

(३) आकस्मिक कोष ऐन, २०१६ बमोजिम स्थापना भएको आकस्मिक कोषमा रहेको रकम यो ऐन प्रारम्भ भए पछि स्वत: संघीय आकस्मिक कोषमा सर्नेछ ।

व्यवस्थापिका-संसदको सम्वत् २०७४ साल साउन १५ गते बसेको बैठकले नेपालको संविधानको धारा १११ बमोजिम यो विधेयक पारित गरेको व्यहोरा संविधानको धारा ११३ बमोजिम प्रमाणित गर्दछु ।

.....................
**ओनसरी घर्ती**
**सभामुख**
**व्यवस्थापिका-संसद**

**व्यवस्थापिका-संसदका सभामुखबाट प्रमाणित यो विधेयक नेपालको संविधानको धारा ११३ को उपधारा (२) बमोजिम प्रमाणीकरण गर्दछु ।**

**(विद्यादेवी भण्डारी)**

**मिति: २०७४/०४/२९** **राष्ट्रपति**

व्यवस्थापिका-संसद सचिवालय